वनगाड कुपिण्डे नगरपालिका

# स्थानीय राजपत्र

खण्ड: १ संख्या: ८ मिति: ११/१०/२०७५

## भाग-२

वनगाड कुपिण्डे नगरपालिका

## वनगाड कुपिण्डे नगरपालिकाको वातावरण संरक्षण कोष परिचालन कार्यविधि,२०७५

**प्रस्तावना**

नेपालको संविधानले स्वच्छ वातावरणमा बाच्न पाउने व्यक्तिको अधिकारलाई मौलिक हकका रुपमा स्थापित गरेको छ । राज्यको निर्देशक सिद्धान्तमा वातावरण संरक्षण तथा दिगो विकासका विषयहरु समावेश भएका छन । स्थानीयसरकार संचालन ऐन २०७४ ले समेत वातावरण संरक्षण, प्रकोप व्यवस्थापन तथा दिगो विकासलाई महत्व दिएका छन । वातावरण संरक्षण ऐन, फोहोरमैला व्यवस्थापन ऐन तथा विभिन्न नीतिहरुले समेत वातावरण संरक्षण, दिगो विकासक्रा क्षेत्रमा गरेका विभिन्न व्यवस्थाहरुलाई मूर्तरुप दिनु आवश्यक रहेको छ ।

वर्तमानको सर्वाधिक चासोको विषय वातावरण संरक्षण, जलवायु अनुकुलन, प्रकोप व्यवस्थापन तथा दिगो विकासको अवधारणालाई व्यवहारमा उतार्न स्थानीय स्वायत्त शासन ऐन तथा नियमावलीले समेत वातावरण संरक्षण कोष स्थापना गरी कार्यसञ्चालन सम्वन्धमा उल्लेख गरेको छ ।

संघीय मामिला तथा स्थानीय विकास मन्त्रालयले वातावरणमैत्री स्थानीय सरकार संचालन कार्यक्रम कार्यान्यनमा ल्याएको सन्दर्भ तथा उक्त कार्यक्रम यस नगरपालिकामा समेत लागु भएको सन्दर्भमा उक्त क्षेत्रमा गरिएको लगानीलाई दिगो वनाई वातारण संरक्षणका लागी स्थापित कोषलाई परिचालन मार्फत वातावरण संरक्षण, दिगो विकास, जलवायु अनुकुलन तथा प्रकोप व्यवस्थापनका क्षेत्रमा लक्षित उपलब्धि हासिल गर्न स्थानीय सरकार संचालन ऐनबाट प्राप्त अधिकार प्रयोग गरी वनगाड कुपिण्डे गरपालिकाले यो वातावरण संरक्षण कोष परिचालन निर्देशिका, २०७५ तयार पारेको छ ।



CamScanner

## परिच्छेद -१

### संक्षिप्त नाम र प्रारम्भ

१. **संक्षिप्त नाम र प्रारम्भ** : (१) यस निर्देशिकाको नाम वातावरण संरक्षण कोष परिचालन कार्यविधि, २०७५ रहेको छ ।

(२) यो निर्देशिका नगर परिषदबाट स्वीकृत भएको मिति देखि लाग हुनेछ ।

(३) वातावरण संरक्षण कोष परिचालन समितिको कार्यालय, वनगाड कुपिण्डे नगरपालिका कार्यालयमा रहनेछ ।

२ **परिभाषा** : विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस निर्देशिकामा,

(क) "ऐन" भन्नाले स्थानीय सरकार संचालन ऐन, २०७४ लाई सम्झनु पर्दछ ।

(ख) "कोष" भन्नाले स्थानीय निकाय (आर्थिक प्रशासन) नियमावली २०६४ को नियम को उपनियम

(ख) बमोजिम स्थापना हुने वातावरण संरक्षण कोष परिचालन निर्देशिका,२०७५ बमोजिम स्थापना भएको कोषलाई सम्झनु पर्दछ ।

(ड) "नगरपालिका " भन्नाले वनगाड कुपिण्डे नगरपालिकालाई संझनु पर्दछ ।

(च) "परिषद् " भन्नाले स्थानीय सरकार संचालन ऐन २०७४ मा उल्लिखित नगर परिषद् भन्ने सम्झनु पर्दछ ।

(छ) नगरपालिका भन्नाले स्थानीय सरकार संचालनऐन, २०७४ बमोजिम गठन भएको वनगाड कुपिण्डे नगरपालिकालाई संझनु पर्दछ ।

(ज) "न.पा" भन्नाले नगरपालिकालाई संझनु पर्दछ ।

(झ) "गा.वि.स." भन्नाले गाउं विकास समिति संझनु पर्दछ ।

(ञ) "स्थानीय निकाय " भन्नाले जि.वि.स.,न.पा.र गा.वि स.लाई संझनु पर्दछ ।

(ट) "समिति" भन्नाले कोष सञ्चालनको लागि गठन गरिएको समिति सम्झनु पर्दछ ।

(ठ) "कर्मचारी" भन्नाले वनगाड कुपिण्डे नगरपालिकामा कार्यरत कर्मचारीहरुलाई सम्झनु पर्दछ ।

(ड) "प्रमुख प्रशासकीय अधिकृत" भन्नाले वनगाड कुपिण्डे नगरपालिकाको "प्रमुख प्रशासकीय अधिकृतसम्झनु पर्दछ ।

(ढ) "मन्त्रालय"भन्नाले नेपाल सरकार, संघीय मामिला तथा स्थानीय विकास मन्त्रालयलाई सम्झनु पर्दछ ।

(ण) "संयोजक" भन्नाले वातावरण संरक्षण कोष संचालनका संयोजकलाई बुझाउँदछ ।

CamScanner

(त) "सदस्य सचिव" भन्नाले वातावरण संरक्षण कोष परिचालन समितिको सदस्य सचिवलाई बुझाउनेछ।

(थ) "गैह्र सरकारी संस्था" भन्नाले जिल्ला प्रशासन कार्यालय लगायत नेपाल सरकारको विभिन्न निकायमा विधिबत रुपमा दर्ता भएका सामाजिक संस्थाहरुलाई संझनु पर्दछ ।

(द) "पूर्वाधार" भन्नाले पुल पुलेसा, सडक, ढल,सडक पेटी, सार्वजनिक पार्क, रंगशाला, ल्याण्डफिल्ड क्षेत्र,सार्वजनिक शौचालय र सांस्कृति सम्पदा आदि जस्ताहरुलाई बुझाउछ ।

(ध) "सार्वाजनिक जग्गा" भन्नाले सडक, ढल, सडक पेटी, सार्वजनिक पार्क, रंगशाला, ल्याण्डफिल्ड क्षेत्र, सार्वजनिक शौचालय, खोला नाला, पोखरी, पर्ति, ऐलानी सरकारी, अपुतालि परि नेपाल सरकारको जग्गा र सांस्कृति सम्पदाहरुको जग्गा आदिलाई बुझाउछ ।


## कार्यविधिको उद्देश्य

ाजको आवश्यकता वातावरणमैत्री विकासको हो । दिगो विकासलाई संस्थागत गर्दै नगरपालिकाद्धारा सञ्चालन हुने वकासका गतिविधिहरु वतावरण अनुकुलन वनाई भावी पुस्ताको हकलाई संरक्षण गर्नु यस कार्यविधिको प्रमुख उद्देश्य । यसका अन्य उद्देश्यहरु देहाय वमोजिम रहेका छन :

- नगरपालिकामा स्थापित वातावरण संरक्षण विशेष कोषलाई परिचालन गर्ने विधि तय गर्नु,
- विकासका गतिविधिहरुलाई दिगो विकासमा आधारित बनाउनु, वातावरण संरक्षाण गर्न उपभोक्तहरुलाई प्रोत्साहित गर्नु,
- वातावरण मैत्री विकासको अवधारणालाई व्यवहारमा ल्याउनु ,
- प्रकोपका घटनाहरु न्यूनीकरण गर्नु ,
- जलवायु परिवर्तनवाट हुने जोखिम न्यूनीकरण गर्नु ,
- सार्वजनिक जग्गा संरक्षण गर्नु ,
- नगरपालिकाको आन्तरिक आयमा वृद्धि गर्नु ,
- हरियाली प्रवर्द्धन गर्नु ,
- जलवायु अनुकुलनमा सहयोग गर्नु ।

## ४.कार्यविधिको प्रयोग कर्ता

यस कार्यविधिको प्रयोगकर्ता मुलत: वनगाड कुपिण्डे नगरपालिका नै हो । तथापी स्थानीय निकायहरु संग सहकार्य गर्ने सरकारी , निजी तथा अर्धसरकारी निकाय लगायत समुदाय तथा जनता समेत यस कार्यविधिको प्रयोगकर्ताका रुपमा रहनेछन.।




## ार्यविधिको कार्य क्षेत्र र सीमा

कार्यविधिको क्षेत्र देहाय बमोजिम रहनेछ :

- यो कार्यविधि लागु हुदाका बखत वनगाड कुपिण्डे नगरपालिकाले समेटेको क्षेत्र ।
- यो कार्यविधि लागु भएपछि नेपाल सरकारको निर्णय अनुसार प्राप्त हुन आउने क्षेत्र ।
- निर्देशिकाको सीमा देहाय बमोजिम रहेका छन :
- दक्ष जनशक्ति व्यवस्थापन
- सरोकारवाला निकायहरु संग समन्वय
- अपर्याप्त आर्थिक श्रोत

## आवश्यकता

जको आवश्यकता दिगो विकासमा आधारित विकासका क्रियाकलापहरुको सञ्चालन हो । स्थानीय सरकारको रुपमा ने स्थानीय निकायले सञ्चालन गर्ने विकासका गतिविधिहरु बतावरण अनुकुल बनाउनु अपरिहार्य भै सकेको छ । गाड कुपिण्डे नगरपालिकामा बातावरण संरक्षण विशेष कोष स्थापना भएको वर्ष पुगीसकेको तथा उक्त कोष ञ्चालन गर्ने विधि तयार नभएको हुदा सो कोषलाई व्यवस्थि रुपमा सञ्चालन गर्न पनि कोष सञ्चालन कार्यविधिको वश्यकता रहेको छ । यो कोष सञ्चालन कार्यविधिको आवश्यकतालाई निम्नानुसार उल्लेख गरिएको छ :

- वतावरण संरक्षण विशेष कोष सञ्चालनको विधि तय गर्न
- वतावरणमैत्री 'स्थानीय शासन कार्यक्रमलाई प्रवर्द्धन गर्न
- विकासका गतिविधिहरु दिगो विकासमा आधारित वनाउन
- वातावरण प्रवर्द्धनमा जनताको सहभागितालाई प्रवर्द्धन गर्न
- वातावरणमैत्री नगरपालिका घोषणा र त्यसको दिगोपना कायम गर्न टेवा पुर्‍याउन
- स्वच्छ वातावरणमा वाच्न पाउने नागरिकको मौलिक हकलाई स्थापित गर्न
- स्वच्छ वातावरण कायम गर्न राज्यले गरेका व्यवस्थाहरुलाई व्यवहारमा उतार्न ।

## परिच्छेद-२

## कोष व्यबस्थापन सम्बन्धी व्यवस्था

७. कोषको स्थापना र खाताको व्यवस्था :

(१) कोषमा देहायका रकमहरू रहनेछन्:

(क) वातावरण संरक्षण कोषको लागि हालसम्म छुट्याई खर्च हुन बाँकी सम्पूर्ण रकम,
(ख) कुनै व्यक्ति वा संस्था वा निकायद्वारा कोषलाई प्राप्त हुने सहयोग वा अनुदान रकम,
(ग) वातावरणमैत्री स्थानीय शासन कार्यक्रम अन्तर्गतको पूजिगत वजेट परिचालन वापत कट्टा हुने कनटिजेन्सी रकमको १० प्रतिशतले हुन आउने रकम,
(घ) वातावरणमैत्री स्थानीय सरकार संचालन कार्यक्रम अन्तर्गतको विकास कार्यमा प्रयोग हुने वजेटको लगानीवाट नगरपालिकाको आम्दानी वृद्धि भएमा वृद्धि भएको रकमको २० प्रतिशतले हुन आउने रकम,
(ङ) वातावरणमैत्री स्थानीय सरकार संचालन कार्यक्रम अन्तर्गतका वृक्षारोपण सम्वन्धी योजना कार्यान्वाय गर्दा त्यस्ता योजनाको दिगो पनका लागी लगत ईस्टिमेटमा छुट्टाइएको रकम, तर त्यस्तो रकम कुल लागतको वढीमा २.५ प्रतिशत भन्दा वढी हुन नहुने
(ङ) नगर परिषद्को स्वीकृतिमा प्राप्त अन्य रकम ।

(२) समितिको निर्णयवाट तोकिएको बैंकमा "वातावरण संरक्षण कोष" नामको खाता खोली आर्थिक कारोवार सञ्चालन गरिनेछ ।

८. **कोषको प्रयोग :**

(१) वातावरण संरक्षण कोषको रकम देहाय बमोजिमको कामको लागि प्रयोग गर्न सकिनेछ ।

(क) वातावरणमैत्री स्थानीय शासन कार्यक्रम अन्तर्गतको स्वीकृत कार्यक्रममा समपुरक वातपको रकम लागानी गर्न,

(ख) वातावरण संरक्षण, जलवायु अनुकुलन तथा वातावरणमैत्री नगर निर्माणमा सहयोग पुर्याउने खालका गोष्ठी, कार्यशाला, अभिमुखिकरण लगायतका कार्यक्रम सञ्चालन गर्न,

(ग) वातावरणमैत्री नगर निर्माणमा सहयोग गर्ने वृक्षारोपण, कुवा तथा ईनार संरक्षण, भूक्षय नियन्त्रण, फोहोर व्यवस्थापन लगायतका कार्यमा लगानी गर्न,

(घ) आफ्नो घर अगाडी वृक्षारोपण गरी वहुवर्षिय खालका रुख हुर्काएमा वा नगरपालिकाद्वारा गरिएका वृक्षारोपणको आफ्नो घर अगाडी पर्ने रुख हुर्काएमा तथा सार्वजनिक पर्ति जग्गामा उपभोक्ता वा कुनै समुह वा संघ संस्थाको अग्रसरतामा वा नगरपालिकाद्वारा भएका वृक्षारोपणका रुखहरु हुर्काएमा कम्तिमा रुख तिन वर्षको भएपछि रुख हुर्काउने नगरवासीलाई प्रति रुख रु १०००। ( एक हजार ) प्रोत्साहन स्वरुप प्रदान गर्न,

**(ङ)** नगरपालिकाद्वारा वातावरणमैत्री स्थानीय शासन कार्यक्रम अन्तर्गत गरिएका लगानीमा मर्मत सम्भार गर्न ।

(च) वातावरणमैत्री स्थानीय शासन प्रारुप, २०७० ले निर्धारण गरेका अनुसुची १ मा उल्लेखित सूचकहरु प्राप्तीमा सहयोग गर्ने कार्यमा ।

**९. रकमान्तर :**

नगरपरिषद्वाट स्वीकृत वार्षिक बजेट शीर्षकको २० प्रतिशत भन्दा बढी रकम समितिले रकमान्तर गर्न पाउने छैन्न ।

**१०. श्रेस्ता राख्ने :**

(१) कार्यालयले वातावरण संरक्षण कोषको आय र व्ययको श्रेस्ता तोकिए बमोजिम राख्नु पर्नेछ ।

(२) समितिले प्रशासनिक खर्चकार्यक्रमले तोके वमोजिम र अन्य नगर परिषदवाट तोकिएको प्रतिशत भन्दा बढी गर्न पाइने छैन ।

**११. वैठक भत्ता :**

वातावरण संरक्षण कोषका पदाधिकारीहरुले वैठकमा भाग लिए वापत नगरपालिकाका पदाधिकारीहरुले वैठक भत्ता पाए सरह बैठक भत्ता पाउने छन् ।

**१२. खाता सञ्चालन :**

कोषको आर्थिक कारोबारको लागि समितिको अध्यक्ष र आर्थिक प्रशासन शाखा प्रमुखको संयुक्त दस्तखतबाट खाता सञ्चालन गरिनेछ ।

**१३. लेखापरीक्षण :**

वतावरण संरक्षण कोषबाट भएको आय व्ययको आन्तरिक लेखा परीक्षण नगरपालिकाको आन्तरिक लेखा परीक्षणशाखाबाट नै गरिनेछ । अन्तिमं लेखा पक्षिण नगरपरिषदको निर्णयानुसार कार्यालयको अन्तिम लेखापरीक्षण गर्न आएको परीक्षकबाट गराउनु पर्नेछ ।

## परिच्छेद-३

## समितिको गठन र कार्यविधि

१४. व्यवस्थापन समितिको गठन :

(१) वातावरण संरक्षँण कोषको सञ्चालन तथा व्यवस्थापनको लागि एक समितिको गठन गरिनेछ ।

(२). विनियम (१) बमोजिम गठित समितिमा देहायबमोजिमका पदाधिकारीहरु रहनेछन्:

| | | |
|---|---|---|
| (क) | प्रमुख प्रशासकीय अधिकृत वा निजले तोकेको अधिकृत | -अध्यक्ष |
| (ख) | आर्थिक प्रशासन शाखा प्रमुख | -सदस्य |
| (ग) | योजना तथा प्राविधिक शाखा प्रमुख | -सदस्य |
| (घ) | आलेप शाखा प्रमुख | -सदस्य |
| (ङ.) | वातावरण शाखा प्रमुख | -सदस्य-सचिव |

(३) समितिले आवश्यक ठानेमा अन्य व्यक्ति वा पदाधिकारीलाई आमन्त्रित सदस्यको रुपमा वोलाउन सक्नेछ ।

(४) विनियम (२) बमोजिमको समितिलाई आवश्यक निर्देशन दिन तथा कोष परिचालन समितिलाई नीतिगत निर्णयमा सहयोग गर्न र काम कारवाहीमा समन्वय गर्नका लागि वातावरणमैत्री स्थानीय शासन प्रारुप २०७० ले व्यवस्था गरेको नगरपालिकामा रहेको अनुसूची २ मा उल्लेखित समितिले निर्देशक समितिको रुपमा कार्य गर्नेछ ।

**१५. समितिको बैठक :**

(१) समितिको बैठक कम्तीमा महिनाको एकपटक र आवश्यक परेमा जुनसुकै बखत पनि बस्न सक्नेछ ।

(२) समितिको बैठक अध्यक्षसंग परामर्श गरी सदस्य-सचिवले बोलाउनेछ ।

(३) प्रमुख प्रशासकीय अधिकृतको अभावमा वैठक वस्न नसक्ने अवस्था भएमा नि.कार्यकारी अधिकृतको समन्वयमा पनि वैठक वसी आवश्यक निर्णय लिन सकिनेछ । तर यस किसिमको वैठकवाट भएको निर्णयहरुलाई पछिल्लो वैठकमा जानकारीकालागि सदस्य सचिवले अनिवार्य रुपमा पेश गर्नु पर्नेछ ।

**१६. बैठकको निर्णय :**

समितिको वैठकको निर्णय सम्पूर्ण सदस्यसंख्याकौ बहुमतको आधारमा हुनेछ ।

**१७. समितिको काम, कर्तव्य र अधिकार :**

समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ:

(क) ऐन र नियमावली अनुसार कोषको खातामा जम्मा गर्नु पर्ने रकम समयमा नै जम्मा गर्ने व्यवस्था मिलाउने ।

(ख) कोषको लागि वार्षिक रुपमा आवश्यक पर्ने, यसबाट आर्जन हुने र खर्च हुने रकमको कार्य योजना बनाई कार्यान्वयन गर्ने ।

(ग) वातावरण संरक्षणका कार्यक्रमहरु मार्फत वातावरण मैत्री नगर निर्माण तथा त्यसको दिगोपनाको व्यवस्था मिलाउने ।

(घ) कोषको आय-व्यय सम्बन्धी हरहिसाबको लेखापरीक्षण गराई सोको लेखापरीक्षण प्रतिवेदन नपा मार्फत परिषद्मा पेश गर्ने ।

(ङ) सचिवालय सञ्चालन गर्न आवश्यक पर्ने कर्मचारीहरू लगायत खर्चको व्यवस्था कार्यालय बाटै मिलाउने व्यवस्था गर्ने र यस सम्बन्धी नपा संग आवश्यक समन्वय गर्ने कार्य समितिका अध्यक्षले गर्ने ।

**१८. समितिका पदाधिकारीहरूको काम, कर्तव्य र अधिकार :**

समितिका पदाधिकारीहरुको काम कर्तव्य र अधिकार देहायबमोजिम हुनेछ ,

(क) अध्यक्षको काम, कर्तव्य र अधिकार:

(१) समितिको बैठकको अध्यक्षता गर्ने ।

(२) कोषको सम्पूर्ण गतिविधिको नेतृत्व गर्ने ।

(३) कोष सम्बन्धी सम्पूर्ण उत्तरदायित्व बहन गर्ने ।

(४) समितिबाट पारित वार्षिक कार्यक्रम तथा आय व्ययको विवरण प्रस्तावित बजेटमा समावेश गरी नगर परिषद्मा पेश गर्ने व्यवस्था मिलाउने ।

(५) वातावरणमैत्री स्थानीय शासन व्यवस्था मिलाउने ।

(६) नपा र परिषद् बीच समन्वय गर्ने ।

(ख) सदस्य-सचिवको काम, कर्तव्य र अधिकार:

(१) कोषको कार्यालय सञ्चालन गर्ने ।

(२) बैठकको निर्णय अभिलेख गरी राख्ने ।

(३) बैठकको निर्णय कार्यान्वयन गर्ने ।

(४) अध्यक्षको निर्देशन अनुसार कार्य सञ्चालन गर्ने, गराउने ।

(५) कोषको सञ्चालन सम्बन्धी श्रेस्ता तथा चल अचल सम्पत्तिको जिम्मा लेखांकन गर्ने ।

(६) कोषको आयव्ययको वार्षिक प्रतिवेदन र लेखा परीक्षण प्रतिवेदन समितिमा पेश गर्ने ।

(ग) सदस्यको काम, कर्तव्य र अधिकार:

(१) समितिको बैठकमा नियमित रूपमा भाग लिने ।

(२) निर्णय कार्यान्वयनमा सहयोग गर्ने ।

(३) कोषको प्रवर्द्धन र कर्मचारीको हित हुने कार्य प्रस्ताव गर्ने ।

(४) अध्यक्षको निर्देशन अनुसार अन्य आवश्यक कार्य गर्ने । गराउने ।

## परिच्छेद-४

## वातावरण संरक्षण सम्बन्धी नीतिगत व्यवस्था

१९. स्थानीय सरकार संचालन ऐन २०७४ मा भएका नगरपालिका सम्वन्धी व्यवस्था :

(१) दफा ९६. काम कर्तव्य र अधिकारको अन्तर्गत निम्न व्यवस्था भएको

- भूउपयोग नक्सा वनाई कार्यान्वय गर्ने गराउने
- आवास योजना वनाई कार्यान्वय गर्ने गराउने
- हारियाली क्षेत्र, उघान र मनोरञ्जन स्थलको विकास गर्ने गराउने
- सार्वजनिक शौचालयको व्यवस्था गर्ने गराउने
- घर र भवन आदिको नक्सा पास गर्ने गराउने
- खेलानाला,कुवा,इनार,पोखरी,तलाउ एवं ढुगेधारा आदिको संरक्षण गरी सदुपयोग गर्ने गराउने
- नदी कटान, वाढी तथा भूक्षय आदिको नियन्त्रण र रोकथाम गर्ने गराउने
- जल,वायु तथा ध्वनी प्रदुषण नियन्त्रण गरी वातावरण संरक्षण कार्यमा सहयोग गर्ने गराउने
- सरसफाई कार्यक्रम सञ्चालन गर्ने गराउने
- फोहोरमैला संकलन तथा ढुवानी तह लगाउने सम्वन्धी कामको सञ्चालन र व्यवस्थापन गर्ने गराउने
- महामारी तथा सक्रामक रोगको रोकथामको व्यवस्था गर्ने गराउने
- जनस्वास्थ्यको लागि हानिकारक चीज वस्तुको सार्वजनिक प्रयोगमा रोक लगाउने, हटाउने
- प्राकृतिक, सांस्कृतिक एवं पर्यटकिय सम्पदाको संरक्षण, सम्वर्द्धन, विस्तार र सदुपयोग गर्ने गराउने
- सडकको दाया वाया र अन्य आवश्यक ठाउमा वृक्षारोपण गर्ने गराउने
- दैवी प्रकोप नियन्त्रण गर्ने सम्वन्धमा आवश्यक काम गर्ने
- नदी प्रदुषण नियन्त्रण गर्न आवश्यक काम गर्ने ।

(२) नियम ११७ मा नगर परिषदले परिषदको सदस्यको अध्यक्षतामा विषयगत समिति गठन गर्न सक्ने (अन्य समितिका अलावा कृषि, वन र वातावरण समिति गठन गर्न सक्ने प्रावधान रहेको )

(३) दफा १११. नगरपालिकाको योजना तर्जुमा र कार्यान्वय प्रकृया अन्तर्गत निम्न व्यवस्था भएको :

योजना तर्जुमा गर्दा नगरको विकास सन्तुलित र नियोजित तुल्याउन आवश्यकता अनुसार भुउपयोग,भूएकिकरण र निर्देशित जग्गा विकास जस्ता योजना सञ्चालन गर्नुपर्ने

(४) दफा ११३. आयोजनाको सम्भाव्यता अध्ययन गर्नुपर्ने

(५) दफा ११४. आयोजना छनौट :

आयोजना छनौट गर्दा वातावरण संरक्षँण तथा सम्वर्द्धन गर्ने किसिमले गर्नुपर्ने योजना तर्जुमा गर्दा प्राथमिकता दिनुपर्ने आयोजनाहरु : वातावरणीय संरक्षण र सम्वर्द्धनमा सहयोग पुर्याउने ।

(६) दफा १४९. भवन निर्माण सम्वन्धमा निम्न व्यवस्था भएको :

नगर प्रमुखवाट भवन निर्माण सम्वन्धी स्वीकृती नलिई कसैले पनि भवन निर्माण गर्न नहुने

(७) दफा १६५. दण्ड र सजाय सम्वन्धमा निम्न व्यवस्था भएको :

निर्दिष्ट स्थानमा फोहोर नफाली जतांततै फोहोर फालेमा कसैले आफ्नो घर, छिमेकीको घर तथा आगन चोकमा फोहोर फालेमा वा वातावरण दुर्घन्दित गरेमा ।

**२०.वातावरण संरक्षण ऐन २०५३ तथा नियमावली २०५४**

वातावरण संरक्षण ऐन २०५३ ले वातावरणीय विनासवाट पर्ने प्रतिकुल प्रभावलाई न्यून गर्न, अनुकुल प्रभावलाई वढोत्तरी गर्दै स्वच्छ तथा स्वस्थ वातावरण कायम राख्न विभिन्न प्रवधानहरु समावेश गरेको छ । विकास निर्माणका कार्यहरु गर्नु अघि प्रारम्भिक वातावरणीय परीक्षँण वा वातावरणीय प्रभाव मूल्याकन गर्नुपर्ने वारे स्पष्ट व्यावस्था गरेको छ ।

**२१. फोहोरमैला व्यवस्थापन ऐन २०६८ तथा नियमावली २०७०**

समग्ररुपमा फोहोरमैला व्यवस्थापन सम्वन्धमा विधि, प्रक्रिया तथा जिम्मेवारी किटान गरिएको प्रस्तुत ऐन तथा नियमावलीमा फोहोरमैला व्यवस्थापनलाई प्रभावकारी वनाउन विभिन्न व्यवस्थाहरु गरिएको छ ।

**२२. राष्ट्रिय भू उपयोग नीति २०६९**

स्थानीय सरकार संचालन ऐन तथा नियमावलीले स्थानीय निकायलाई भूउपयोग सम्वन्धमा जिम्मेवार वनाएको सन्दर्भमा त्यस्तो व्यवस्थालाई कार्यान्वयनमा प्रभावकारीता ल्याउन राष्ट्रिय भू उपयोग नीति २०६९ जारी भएको छ ।

**२३. स्थानीय निकाय न्यूनतम शर्त तथा कार्य सम्पादन मापन कार्यविधि**

न्यूनतम शर्त तथा कार्य सम्पादन सुचकको आधारमा स्थानीय निकायहरुको मूल्याकन गरी स्थानीय निकायहरुलाई दिईने वार्षिक अनुदानमा थपघट गर्न र उत्कृष्ट कार्य गर्ने स्थानीय निकायलाई पुरस्कृत गर्ने प्रयोजनका लागी जिल्ला विकास समिति, नगरपालिका तथा गाउ विकास समितिको लागि छुट्टा छुट्टै लागु गरिएको न्यूनतम शर्त तथा कार्यसम्पादन मापन कार्य विधिहरुका विभिन्न सुचकहरुमा वातावरण संरक्षण, फोहोरमैला व्यवस्थापन, जलवायु परिवर्तन एवं विपत व्यवस्थापन सम्वन्धी सूचकहरु समावेश गरिएको छ ।

**२४. स्थानीय निकाय स्रोत परिचालन तथा व्यवस्थापन कार्यविधि, २०६९**

यस कार्यविधिमा स्थानीय निकायहरुले देहाय बमोजिमका क्षेत्रहरुमा समेत आफ्नो लगानी गर्नुपर्ने गरी व्यवस्था गरिएको छ :

(क) वन, वातावरण संरक्षण, जैविक विविधता, उद्यान तथा खुला एवं हरियाली क्षेत्र, जलवायु परिवर्तन तथा नवीकरणीय उर्जा,

(ख) खानेपानी सरसफाई, सिंचाइ तथा नदी नियन्त्रण,

(ग) सार्वजनिक, ऐलानी र पर्ती जग्गा संरक्षण, आवास, भवन, जग्गा एवं वस्ती विकास कार्यक्रम,

(घ) जलस्रोत विकास तथा ग्रामीण विद्युतिकरण,

(ङ) बजार प्रवर्द्धन तथा व्यवस्थापन,

(च) आर्थिक विकास पूर्वाधार(कृषिमा आधारित गैरकृषिमा आधारित सेवा क्षेत्र)

(छ) फोहोरमैला व्यवस्थापन तथा ढल निकास,

(ज) राष्ट्रिय भवन संहिताको कार्यान्वयन र सडकवत्ती व्यवस्थापन,

(झ) नवीकरणीय उर्जा विकास र प्रवर्द्धन,

(ञ) एक गाउ एक उत्पादन सम्वन्धी केन्द्रीत कार्यक्रम,

(ट) खानेपानी तथा सरसफाई र खुला दिसामुक्त क्षेत्र,

(ठ) खेलकुद विकास, शारीरिक तथा मानसिक स्वस्थता सम्वन्धी क्रियाकलाप,

(ड) सहकारी खेती, जैविक खेती, आधुनिक कृषि प्रणाली, साना तथा सामुदायिक सिंचाई, उन्नत विउ विजन तथा प्रविधि विकाससंग सम्वन्धित क्षेत्रहरु (जस्तै : हरितगृह, गोठे मलमुत्र संकलन, कीटनाशक औषधी, आकाशे पानी संकलन एवं सिंचाई प्रविधि आदि ) ।

वनगाउँकृपिण्डेनगरपालिका राजपत्र

## परिच्छेद-५

## विविध

**२५. कोषको रकम अन्यत्र खर्च गर्न नमिल्ने**

वातावरण संरक्षण कोषको रकम यस कार्यविधिले तोकेका क्षेत्र वाहेक अन्यत्र खर्च गर्न मिल्ने छैन ।

**२६. निवेदन दिनु पर्ने**

सार्वजनिक पर्ति जग्गामा उपभोक्ता वा कुनै समुह, संघ संस्थाको अग्रसरतामा वृक्षारोपण गरी वा नगरपालिकाद्धारा गरिएको वृक्षारोपणको संरक्षण गरी हुर्काउन चाहेमा त्यस्ता समुह वा संस्थाले नगरपालिका समक्ष अनुसुची ३ बमोजिमको ढाँचामा निवेदन दिनु पर्नेछ ।

**२७. संम्झौता गर्न सकिने**

विनियम २६ अनुसार निवेदन प्राप्त हुन आएमा नगरपालिकाले अनुसुची ४ बमोजिमको ढाँचामा त्यस्तो समुह वा संस्थासंग संम्झौता गर्न सक्नेछ ।

**२८. प्रतिवेदन**

उक्त संम्झौता बमोजिको वार्षिक प्रतिवेदन अनुसुची ५ बमोजिमको ढाचामा अनिवार्य रुपमा आ.व. समाप्त भएको मितिले एक महिनाभित्र नगरपालिका समक्ष पेश गर्नुपर्नेछ ।

**२९. लाभको वाडफाड**

विनियम २७ अनुसार संम्झौता गरी भएका संरक्षण मार्फत भएको आम्दानीको वाडफाड अनुसुची ६ बमोजिमको ढाचामा गरिनेछ ।

**३०. उप समिति गठन**

समितिले आफ्नो कामको प्रयोजनका लागि आवश्यक ठानेमा विभिन्न उप समिति गठन गर्न सक्नेछ ।

**३१. बाधा अडकाउ फुकाउ**

यस कार्यविधिमा उल्लेख गरिएका विषय कार्यन्वयन गर्दा कुन्नै वाधा उत्पन्न भएमा तथा उल्लेख नगरिएको कुनै विषयमा निर्णय गर्नु परेमा कोष व्यवस्थापन समितिको सिफारिस तथा अनुरोधमा निर्देशक समितिको निर्णय वमोजिम कार्यन्वयन हुने छ ।

**३२. अधिकार प्रत्यायोजन गर्ने :**

समितिलाई भएको अधिकार समितिले आफ्ना पदाधिकारीहरु, समितिबाट गठन हुंने उपसमिति वा कर्मचारीलाई प्रत्यायोजन गर्न सक्नेछ ।

**३३. प्रतिवेदन पेश गर्ने :**

समितिले नगरपालिका मार्फत नगरपरिषद् समक्ष आफ्नो वार्षिक प्रतिवेदन अनिवार्य रुपमा पेश गर्नु पर्ने छ ।



CamScanner

**३४. निर्देशन लिने :**

कोषको रकम प्रयोग तथा परिचालनको सिलसिलामा कुनै निर्देशन लिनुपर्ने भए समितिले नगरपालिका बाट निर्देशन प्राप्त गर्न सक्नेछ ।

तर यसरी प्राप्त गरेको निर्देशनकौ समितिले अनिवार्य रुपमा पालना गर्नु पर्नेछ ।

**३५. बचाउ :**

यो कार्यविधि प्रारम्भ हुनुभन्दा अघि नगरपालिकाको वातावरण संरक्षण कोषको नाममा भए गरेका सम्पूर्ण कार्यहरू यसै कार्यविधि बमोजिम भए गरेको मानिनेछ ।

वनगाङ्कुपिउँ नगरपालिका राजपत्र

## अनुसूची - १

### ३.१ घरपरिवार

क: आधारभूत सूचकहरू

तालिका २: अधारभूत सूचकहरू

| सूचकहरू | विस्तारित सूचकहरू | छ | छैन | व्याख्या |
|---|---|---|---|---|
| | **क) सरसफाई र स्वास्थ्य** | | | |
| १. प्यान (Water Seal) सहितको चर्पी, | १. घर कम्पाउण्डभित्र प्यानसहितको चर्पी प्रयोगमा आएको, | | | |
| २. घर कम्पाउण्डभित्र फोहोरको उचित व्यवस्थापन, | १. आफ्नो घर भान्साको फोहोर सड्ने र नसड्ने (प्राङ्गारिक र अप्राङ्गारिक) गरी विभाजन गरिएको,<br>२. सड्नेलाई आफैं वा समूह बनाई मल बनाउने गरेको वा अन्य तरिकाले व्यवस्थापन गर्ने गरिएको,<br>३. नसड्ने फोहोरमध्ये प्लाष्टिकलाई छुट्टै जम्मा गरी बिक्री वा निर्धारित स्थलमा जम्मा गर्ने गरिएको,<br>४. अन्य फोहोरमध्ये हानिकारक फोहोर (जस्तो ब्याट्री,सि.एफ्.एल्.चिम, फुटेका सिसा/बोतल,ट्युबलाइटआदि) र अन्य फोहोर छुट्याई छुट्टाछुट्टै जम्मा गरी निर्धारित स्थलमा राख्ने गर्ने गरिएको,<br>५. कुकुर पाल्ने घरधनीले आफ्नो कुकुरलाई घरक्षेत्र बाहिर खुला रूपमा दिशा गराउन पाईने छैन, गराएमा आफैले उठाएर आफ्नो परिसरमा नै व्यवस्थित गरि राख्ने गरेको, | | | |
| व्यक्तिगत सरसफाई | १. घर-परिवारका सबै सदस्यले खाना खानुअघि साबुन पानीले हात धुनुपर्छ भन्ने बुझेको,<br>२. शौचालय नजिक साबुन-पानीको व्यवस्था भएको, | | | |
| | **ख) नविकरणीय उर्जा** | | | |

| सूचकहरू | विस्तारित सूचकहरू | छ | छैन | व्याख्या |
|---|---|---|---|---|
| १. ऊर्जाको उपयोग | १. घरभित्र ऊर्जा खपत कम गर्ने चिमको प्रयोग (जस्तै:LED) भएको,<br>२ घरभित्र विद्युतको लागि डिजेल, मट्टितेल वा पेट्रोलबाट चल्ने उपकरणहरू प्रयोगमा नल्याइएको ।<br>३. यदि खाना पकाउनको निमित्त इन्धनको रुपमा दाउरा प्रयोग गर्ने हो भने धुँवारहित सुधारिएको चुलोको प्रयोग गरेको,<br>४. घरमा इन्धनको लागि गुइँठाको प्रयोग नगरिएको, | | | |
| | ग) हरियाली/सहरी सौन्दर्य | | | |
| १. हरियाली तथा सहरी सौन्दर्य प्रवर्द्धन, | १. घर-आँगनमा थरीथरीका फूलबिरुवा वा यस्तै सजाउने बोटबिरुवाहरू भएको,<br>२. घर-परिसरमा बहुबर्षीय खालका कम्तीमा दुईवटा रुख भएको वा आफ्नो घर जग्गामा बिरुवा रोप्ने ठाउँ नभएको अवस्थामा घरको छाना/छतमा स-साना किसिमका बहुबर्षीय कम्तीमा दुईवटा रुखबिरुवा भएको । | | | |
| | घ) खानेपानी | | | |
| १.वर्षात् कोपानीको सङ्कलन/भण्डारण, | १. बर्षात् माघर-कम्पाउण्डभित्र परेको पानी ढल वा नालामा नपठाई सङ्कलन/भण्डारण (Rain Water Harvesting) गर्ने व्यवस्थामिलाएको वा आफ्नै घर-कम्पाउण्डमा जमिनभित्र जाने व्यवस्था गरिएको (Water Recharge) । | | | |
| २. शुद्ध खानेपानी | २. सुरक्षित पिउने पानीका लागि शुद्धिकरण उपायहरूको अवलम्बन गरिएको, | | | |

**ख: विकसित सूचकहरू**

तालिका ३: विकसित सूचकहरू

| सूचकहरु | विस्तारित सूचकहरु | छ | छैन | स्तरीकरण |
|---|---|---|---|---|
| | क) सरसफाई र स्वास्थ्य | | | |
| १. सेप्टिक ट्याङ्कीसहित पक्की चर्पी, | १. सेप्टिक ट्याङ्कीको व्यवस्था गरी संचालनमा, रहेको (ढलको प्रशोधन गरेर मात्र अन्तिम निकास गर्ने गरेको नगरपालिकाहरुको हकमा यो सूचक निष्कृय हुनेछ) | | | * |
| २ घर-आँगनबाहिर सडकको सरसफाइ स्थिति, | १. आफ्नो घर-आँगन बाहिरको सडक वा बाटो सफा राखे गरेको, | | | * |
| १ प्लाष्टिकका झोला नियमन, | १. प्लाष्टिकका झोला प्रयोग नगरी आवश्यक पर्दा जुट, कपडा वा कागजका झोला प्रयोग गर्ने गरेको र यस सम्वन्धमा टोल विकास संस्था समक्ष लिखित प्रतिवद्धता गरेको । | | | * |
| | ख) स्वच्छ ऊर्जाको प्रयोग | | | |
| १. स्वच्छ ऊर्जाको उपयोग , | १. विद्युत सेवा नपुगेका घरमा वा विद्युत आपुर्ति नहुने समयमा विकल्पको रूपमा सौर्य ऊर्जा वा अन्य नवीकरणीय उर्जा प्रयोग गर्ने गरेको , | | | * |
| | ग) हरियाली तथा सहरी सौन्दर्य | | | |
| घर-परिसरमा खुला ठाउँको व्यवस्थापन, | १. घर कपाउण्डभित्र कम्तीमा एक तिहाइ जमिन घर नबनाइ खाली राखेको , | | | * |
| सहरी सौन्दर्य | १. टोल सुधार समितिको सकृयतामा घरअगाडि बाहिरबाटै देखिने गरी गमलामा विभिन्न जातको फूल रोपेको (घरअगाडि यस्तो फूलसहितको गमला राख्ने स्थान नभएमा सडकबाट देखिने गरी कौसी, बरण्डा वा उपयुक्त स्थानमा सुरक्षित तरिकाले राख्न सकिने) ।<br>२. ध्वनि प्रदूषण हुने गरी कुनै साधन प्रयोगमा नरहेका । | | | ** |



CamScanner

| सूचकहरु | विस्तारित सूचकहरु | छ | छैन | स्तरीकरण |
|---|---|---|---|---|
| | घ) भवन निर्माण संहिताको पालना | | | |
| १. सुरक्षित भवन निर्माण | १. भवन निर्माण संहिताको पालना गरी घर बनाएको,<br>२. भुकम्प प्रतिरोधी प्रविधिको अवलम्वन गरेको । | | | ** |

३.२

क: आधारभूत सूचक

तालिका ४: आधारभूत सूचक

आफ्नो टोलका कम्तीमा नब्बे प्रतिशत घरधुरी आधारभूतरुपमा वातावरणमैत्री घोषणा भएको ।

| सूचकहरू | विस्तारित सूचकहरू | छ | छैन | व्याख्या |
|---|---|---|---|---|
| | क) संस्थागत व्यवस्था, सरसफाइ र सुन्दरता | | | |
| १. टोल विकास सस्थाटोल सुधार समिति गठन | १. स्थानीय टोलसमुदायमा त्यहाँका ८०% वा सोभन्दा बढी घर-परिवार संलग्न भएको टोल सुधार समिति/टोल विकास सस्था गठन भएको, | | | टोल संस्थाको दर्ता प्रमाणपत्र र सदस्यता देखिने दस्तावेज । |
| २. टोल सरसफाइ अभियान | १. समुदायका सदस्यहरूले न्यूनतम वार्षिक २ पटक आफ्नो टोल समुदायको क्षेत्रभित्र सामूहिक रूपमा सरसफाइ अभियान सञ्चालन गर्ने गरेको,<br>२. टोल भित्र कुकुरको खुला दिशा नरहेको,<br>३. घरवाट बाहिर निष्काशन गरिने फोहर सडक, पेटी र सार्वजनिक स्थलजस्ता स्थानमा जम्मा नगरी सिधै संकलन गर्न आउने सवारी साधनमा राख्ने गरेको, | | | टोल क्षेत्रमा सरसफाइ (घरेलु फोहोर, झारपात, प्लाष्टिक तह लगाएको अवस्था) |
| ३. संस्थाको वातावरणीय सुशासन | १. समितिले मासिक बैठक र वार्षिक साधारण सभा गरी स्थानीय वातावरण संरक्षणसम्बन्धी छलफल गरी निर्णय गरेको,<br>२. समितिले हरेक वर्ष विश्व वातावरण दिवस (जुन ५) को दिन वातावरण संरक्षण सम्बन्धी सामूहिक क्रियाकलाप | | | निर्णय पुस्तिकाहरू अध्ययन गर्ने । |

| सूचकहरू | विस्तारित सूचकहरू | छ | छैन | व्याख्या |
|---|---|---|---|---|
| | सञ्चालन गर्ने गरेको, | | | |
| ४.सहरी सौन्दर्य प्रवर्द्धन | १.टोल विकास सस्था/टोल सुधार समिति को सकृयतामा टोलभरिका सबै घर-परिवारलाई मौसमअनुसार र एकै जातका फूलहरू गमलामा रोपी घरबाहिर सडकबाटै देखिने गरी राख्न लगाएको , | | | अवलोकन |
| ५. ध्वनि प्रदूषण नियन्त्रण | १. टोलभित्र ध्वनिको स्तर पीडित पक्षको मागअनुसार मापन गर्ने गरेको ,<br>२. मापन गर्दा नेपाल सरकारले निर्धारण गरेको मापदण्डभन्दा बढी भएको पाइएमा कारवाहीको लागि सिफारिस साथ वडामा पठाउने गरेको । | | | |

ख: विकसित सूचकहरु

तालिका ५ : विकसित सूचकहरु

| सूचकहरू | विस्तारितसूचकहरू | छ | छैन | स्तरीकरण |
|---|---|---|---|---|
| १.सार्वजनिक क्षेत्रको सरसफाइ, | १. आफ्नो टोलभित्रका सार्वजनिक क्षेत्र, जस्तै- सडक, नाला, गल्ली, फुटपाथ, खोला, नदी, बगर, नहर, खेत, बारी, कान्ला, वन तथा चौर आदि क्षेत्रमा प्लाष्टिक, नसड्ने खालका फोहोर तथा खुला दिसा (मान्छे तथा कुकुरको) नरहेको, | | | * |

| सूचकहरू | विस्तारितसूचकहरू | छ | छैन | स्तरीकरण |
|---|---|---|---|---|
| २. टोलमा हरियाली प्रवर्द्धन, | १. टोलका सडकहरूको फुटपाथमा नगरपालिकाले तोकिदिए बमोजिम प्रजाति र परिमाणमा रुखहरू लगाई हरियाली प्रवर्द्धन गरेको , | | | ** |
| ३. ध्वनि प्रदूषण नियन्त्रण, | १. नेपाल सरकारले निर्धारण गरेको सीमाभन्दा बढी ध्वनि उत्सर्जन भए नभएको सम्बन्धमा मापन गरी अभिलेख राख्ने गरेको ,<br>२. अधिकतम ध्वनि उत्सर्जनको सिमा नाघेको पाइएमा त्यस्ता व्यक्ति संघसस्थालाई सम्बन्धित निकायबाट कार्यवाही हुने गरेको, | | | ** |

३.३ वडा तह

क: आधारभूत सूचक

तालिका ६ : आधारभूत सूचक

वडाभित्र पर्ने सबै टोल/बस्तीहरू वातावरणमैत्री घोषणा भएको ।

| सूचकहरू | विस्तारित सूचकहरू | छ | छैन | व्याख्या |
|---|---|---|---|---|
| | क) खानेपानी तथा सरसफाइ | | | |
| १ खानेपानीका मुहान संरक्षण | १. वडामा भएका सबै खानेपानीका स्रोतहरूको लगत राखेको,<br>२. वडामा भएका सबै खानेपानीका स्रोतको गुणस्तर परीक्षण गर्ने गरिएको, | | | तराईमा इनार तथा चापाकलको लगत राख्ने । |
| २. फोहोरमैलाव्यवस्थापन | १. घर-परिवारबाट सङ्कलित नसड्ने फोहोर तोकिएको स्थानमा विसर्जन गर्ने गरिएको,<br>२. घर-परिवारबाट सङ्कलित प्लाष्टिक वडा कार्यालय आफैले किन्ने वा कुनै सङ्घसंस्था वा व्यक्तिले किन्ने व्यवस्था मिलाएको , | | | |

| सूचकहरू | विस्तारित सूचकहरू | छ | छैन | व्याख्या |
|---|---|---|---|---|
| ३. पोखरी निर्माण तथा व्यवस्थापन | १. वडाभित्रका सबै पोखरीको लगत कायम गरिएको,<br>२. सबै पोखरी संरक्षणका लागि समिति गठन भै पोखरी संरक्षित भएको, | | | |
| | ख) विपद् व्यवस्थापन | | | |
| १. आपतकालीन सुरक्षित क्षेत्र | १. विपद् अवस्थामा तत्काल उद्धारका लागि वडा समितिको निर्णयबाट सुरक्षित स्थल निर्धारण गरी सङ्केत प्रयोग गरिएको,<br>२. निर्धारित सुरक्षित स्थलमा सबैलाई जानकारी दिने गरी सूचनापाटी राखिएको , | | | |
| | ग) बन तथा भू संरक्षण | | | |
| १. एक वडा एक नर्सरी | १. वडाक्षेत्रमा कम्तीमा एउटा नर्सरी रहेको, | | | |
| २. खाली पर्ती जमिनको व्यवस्थापन तथा हरियाली प्रवर्द्धन | १. वडामा रुख बिरुवासहितको वन क्षेत्रको क्षेत्रफल खुलेको लगत रहेको,<br>२. खाली पर्ती जगगाको लगत राखिएको,<br>३. सरकारी सार्वजनिक जगगाको नक्सा र विवरण सहितको लगत राखिएको,<br>४. सरकारी सार्वजनिक जगगामा नक्सा सहितको विवरण खुलाइएको बोर्ड राखिएको | | | |

**ख: विकसित सूचक**

तालिका ७: विकसित सूचक

| सूचकहरू | विस्तारित सूचकहरू | छ | छैन | स्तरीकरण |
|---|---|---|---|---|
| | क) सडक नाली व्यवस्थापन | | | |
| . सडक नालाको | १. वडाका सबै सडकहरूमा बर्षात् पानी | | | *** |

| सूचकहरू | विस्तारित सूचकहरू | छ | छैन | स्तरीकरण |
|---|---|---|---|---|
| व्यवस्थापन | निकास हुने कुलेसोनाली भएको, | | | |
| | **ख) कृषि** | | | |
| १.प्राङ्गारिक कृषिलाई प्रोत्साहन | १. वडाका व्यावसायिक कृषकहरूमध्ये कम्तीमा ५० प्रतिशत कृषकले रासायनिक मलखाद र रासायनिक रोग किरानाशक विषादीको नकारात्मक असर तथा जैविक, वनस्पतिजन्य बिषादीबारे तालिम प्राप्त गरेको ,<br>२. वडाका व्यावसायिक कृषकहरूमध्ये कम्तीमा १० प्रतिशत कृषकले एकीकृत शत्रुजीव व्यवस्थापन तथा एकिकृत बाली पोषक तत्व व्यवस्थापन सम्बन्धी तालिम प्राप्त गरेको, | | | वडाभित्र रहेका व्यावसायिक कृषकको लगत ।<br>जम्मा कृषकमध्ये उल्लेखित तालिम प्राप्त गर्ने कृषकहरूको विवरण । |
| २. प्राङ्गारिक खेती प्रणालीको अवलम्वन | १.वडाका तालिम प्राप्त व्यावसायिक कृषकहरूले जैविक, वनस्पतिजन्य बिषादीको पनि प्रयोग गरी खेतीपाती गरेको,<br>२. वडाका सबै कृषकहरूले प्राङ्गारिक मलको प्रयोग गर्ने गरेको,<br>३. वडामा एउटा व्यावसायिक रुपमा नमूना प्राङ्गारिक खेती सञ्चालन भएको, | | | ***सहभागितात्मक लेखाजोखा, सहकारी संस्थाहरूमा रहेका विवरण, कृषि सेवाकेन्द्र/ उपकेन्द्रमा रहेको विवरण । |
| ३. मौरीपालनलाई प्रोत्साहन | १. वडाका सबै तालिम प्राप्त कृषकहरुले विभिन्न बाली बोट विरुवाको परागसेरनका लागि आधुनिक घारमा मौरीपालन गरेको । | | | |
| | **ग) विपद् व्यवस्थापन** | | | |
| १.स्थानीय विपद् व्यवस्थापन समिति गठन र | १. स्थानीय विपद् जोखिम व्यवस्थापन योजना तर्जुमा निर्देशिकाले तोकेबमोजिम वडास्तरमा सामुदायिक विपद् व्यवस्थापन | | | **<br>तालिम सम्बन्धी वडा कार्यालयमा रहेको |

| सूचकहरू | विस्तारित सूचकहरू | छ | छैन | स्तरीकरण |
|---|---|---|---|---|
| क्षमता विकास, | समिति गठन भएको,<br>२. वडामा विपद् जोखिम न्यूनीकरण तथा उद्धार सम्बन्धमा युवाक्लब, आमा समूह, वन उपभोक्ता समिति, टोल विकास/सुधार संस्थाजस्ता सामाजिक सङ्घसंस्थाका प्रतिनिधिहरूलाई समेटी वडाका कम्तीमा १०% घर-परिवारका सदस्यहरूलाई विपद् जोखिमबारे तालिम दिइएको , | | | विवरण । |
| घ) वन तथा भू संरक्षण | | | | |
| १. खाली तथा प्रति जग्गामा बृक्षरोपण तथा उद्यान व्यवस्थापन,, | १. वडाक्षेत्रको हालको खाली–पर्ती जग्गामा कम्तीमा १० प्रतिशतकादरले बार्षिक रुपमा रुख/डालेघाँस/फलफूलका बिरुवा रोपी हुर्काएको,<br>२ वडाभित्रको सबै सरकारी तथा सार्वजनिक जग्गाको नक्सा र लगत सहितको विवरण राखिएको<br>३. सरकारी सार्वजनिक जग्गामा नक्सा सहितको विवरण खुलाई बोर्ड राखिएको<br>४. वडाभित्रका खाली, पर्ती, ऐलानी र सार्वजनिक जग्गामा बाल क्रिडास्थल वा खेलकूद स्थान वा जेष्ठ नागरिक विश्रामस्थल वा पार्क व्यवस्था गरिएको,<br>५. आफ्नो वडाभित्र कम्तीमा पहाडमा पाँच रोपनी तथा तराईमा दश कठ्ठा क्षेत्रफलमा एउटा उद्यान,क्रिडास्थल, पार्क वा खुला क्षेत्र रहेको, | | | ***** |

| सूचकहरू | विस्तारित सूचकहरू | छ | छैन | स्तरीकरण |
|---|---|---|---|---|
| | ङ) ध्वनि प्रदुषण नियन्त्रण | | | |
| १. ध्वनि प्रदूषण गर्नेलाई दण्डित गर्ने व्यवस्था, | १. टोलको सिफारिसको आधारमा ध्वनि प्रदूषणको सीमा उल्लंघन गर्ने व्यक्ति वा सस्थालाई कार्यवाहीको लागि नगरपालिका तथा जिल्ला प्रशासनसमक्ष सिफारिस साथ पठाइएको । | | | * |

३.४ नगरपालिका तह

क: आधारभूत सूचक

तालिका ८: आधारभूत सूचक

| सूचकहरु | विस्तारित सूचकहरु | छ | छैन | व्याख्या |
|---|---|---|---|---|
| | सबै वडाहरूले वातावरणमैत्री आधारभूत सूचकहरू पूरा गरी वातावरणमैत्री वडाको रूपमा घोषणा भएको । | | | |
| | क) खानेपानी तथा सरसफाइ | | | |
| .खानेपानीको रणनीतिक योजना (Strategic Plan) निर्माण | १. बढ्दो सहरी जनसङ्ख्याका लागि स्वच्छ खानेपानी आवश्यकता पूरा गर्ने रणनीतिक योजना नगरपरिषद्बाट स्वीकृत भएको, | | | स्वीकृत रणनीतिक योजना दस्तावेज |
| स्यानीटरी ल्याण्डफिल साइटको सञ्चालन | १. कुहिने फोहोर तथा प्लाष्टिक छुट्टाइ सकेपछि बाँकी रहेको फोहोरको उचित एवम् उपर्युक्त व्यवस्थापन गर्न ल्याण्डफिल साइटको व्यवस्था भएको , | | | ल्याण्डफिल साइटको लागि छुट्याइएको जग्गाको लगत र क्षेत्रफल, सञ्चालन मिति तथा नगरपालिकाको निर्णय । |

| | | | | |
|---|---|---|---|---|
| ३. सार्वजनिक शौचालयको व्यवस्था | १. बसपार्क, पेट्रोलपम्प र मुख्य हाटबजार स्थलमा लैङ्गिक, बालबालिका तथा अपाङ्गमैत्री सार्वजनिक शौचालयहरूको व्यवस्था भएको, | | | |
| ४. प्लाष्टिक प्रयोगमा बन्देज | १. नेपाल सरकारबाट स्वीकृत राष्ट्रिय मापदण्डअनुरूप नगरपरिषद्को निर्णयबाट प्लाष्टिक प्रयोगमा बन्देज गरिएको ,<br>२. प्लाष्टिकको झोलाको विकल्पमा वातावरणमैत्री झोला उत्पादन गर्न प्रोत्साहित गरिएको, | | | |
| ख) विपद् व्यवस्थापन. | | | | |
| १. चालु हालतको दमकल | १. नगरपालिकामा २४ घण्टा सञ्चालन हुने गरी चालु हालतको दमकल रहेको , | | | |
| २. विपद् व्यवस्थापन समितिको सक्रियता र कोष व्यवस्थापन | १. नगरस्तरमा स्थानीय विपद् व्यवस्थापन समिति गठन गरिएको,<br>२. नगरस्तरमा विपद् व्यवस्थापन कोषको व्यवस्था गरिएको,<br>३. नगरक्षेत्रमा विपद् व्यवस्थापनका लागि तालिम दिन सक्ने कम्तीमा एकजना जनशक्ति भएको,<br>४. विपद्का क्षेत्रहरू, जोखिमका अवस्था, जोखिम न्यूनीकरणका उपायहरू तथा सस्थागत प्रबन्धसमेत उल्लेखित आवधिक विपद् जोखिम व्यवस्थापन योजना परिषद्बाट स्वीकृत गरिएको, | | | |

| | | | | |
|---|---|---|---|---|
| ३. राष्ट्रिय भवन संहिताको पालना | १. नगरक्षेत्रमा भवन निर्माण गर्दा राष्ट्रिय भवन संहिता पालना गर्ने कुरा नगरपरिषद्बाट निर्णय भएको ,<br>२. भवन निर्माण गर्दा राष्ट्रिय भवन निर्माण संहिता कार्यान्वयन गर्ने गरिएको ,<br>३. भवन मापदण्ड बनाइ कार्यान्वयन गरिएको,<br>४. राष्ट्रिय भवन निर्माण संहितालाई नक्सा पासको स्थानीय मापदण्डसँग आबद्ध गरिएको ,<br>५. सरकारी/सार्वजनिक भवनको नक्सा अपाङ्गमैत्री भए मात्र पास गर्ने व्यवस्था गरिएको,<br>६. भुकम्पिय जोखिम न्यूनिकरण सम्बन्धी जनचेतनामूलक कार्यक्रमं सञ्चालन गरिएको, | | | |
| ग) वन तथा भू संरक्षण, जैविक विविधता र हरियाली | | | | |
| १. पार्कको सञ्चालन | १. नगरबासी बालबालिकाहरू, लाई पायक पर्ने कम्तीमा एक स्थानमा मनोरञ्जन पार्क वा बालउद्यान निर्माण गरी सञ्चालनमा ल्याइएको,<br>२. बाल क्रिडास्थल वा खेलकूद स्थान वा जेष्ठ नागरिक विश्रामस्थल वा पार्क व्यवस्था गर्दा लैङ्गिक समावेशी तथा अपाङ्गमैत्री बनाइएको , | | | |

ख: विकसित सूचक

तालिका ९: विकसित सूचक

| सूचकहरु | विस्तारित सूचकहरु | छ | छैन | व्याख्या |
|---|---|---|---|---|
| | क) सरसफाइ | | | |
| १.स्यानीटरी ल्याण्डफिल साइटको वैज्ञानिक व्यवस्थापन | १. फोहरमैलाको सङ्कलन, ढुवानी, तथा विसर्जनका सबै प्रकृयाहरू फोहरमैला व्यवस्थापन ऐन तथा नियमावलीका प्रावधानबमोजिम वातावरणमैत्री तरिकाले सम्पादन गर्ने गरिएको,<br>२. फोहोर मैलाको वैज्ञानिक व्यवस्थापनका आयामहरू जस्तै इन्सिनरेशन, पून प्रशोधन, वायोग्यास उत्पादन गर्ने गरिएको, | | | ** |
| २.ढलप्रशोधनसम्बन्धी व्यवस्था | १. ढललाई जैविक वा इन्जिनियरिङ्ग प्रविधिबाट प्रशोधन गरिएपछि मात्र अन्तिम निष्काशन गर्ने गरिएको ,<br>(सबै घरहरूमा सेप्टी ट्याङ्क अनिवार्य गरिएको अवस्थामा यो सूचक निष्कृय हुनेछ) । | | | * |
| . होटेल, तथा रेष्टुरॉहरूको अनुगमन | १. नगरपालिकामा होटल, रेष्टुरॉ, बार, भोजनालय र चमेनागृह आदिबाट प्रदान गर्ने सेवाको गुणस्तर सम्बन्धमा अनुगमन गर्ने संरचना भएको,<br>२. कम्तीमा महिनाको एकपटक अनुगमन गर्ने गरिएको,<br>३. अनुगमन गरी प्राप्त सबै प्रतिवेदन बमोजिम कार्यवाही गरिएको । | | | *** नगरक्षेत्रभित्रका होटल, रेष्टुरॉ, बार, भोजनालय, चमेनागृह, आदिको लगत<br>मिसावटयुक्त, सडेगलेका र बासी खाद्यान्न तथा अस्वस्थकर खानेपानी आपूर्ति गरेका कारण कार्यवाहीमा परेका होटल आदिहरूको विवरण |

| | | | | |
|---|---|---|---|---|
| ख) कृषिक्षेत्र | | | | |
| १. कृषि उत्पादनमा एकीकृत कीट(शत्रुजीव) व्यवस्थापन | १. कृषि उत्पादनमा एकिकृत बाली पोषकतत्व र एकिकृत कीट (शत्रुजीव) व्यवस्थापनकार्य भएको,<br>२. नगरक्षेत्रमा नगरपालिकाको समेत साझेदारीमा एकीकृत बाली पोषकतत्व र एकीकृत कीट (शत्रुजीव) व्यवस्थापनसम्बन्धी कार्य भएको,<br>३. नगरक्षेत्र कृषि उपज बजारको स्थापना र व्यवस्थापन सम्बन्धी कार्य भएको । | | | *** |
| ग) नवीकरणीय ऊर्जा | | | | |
| १ सडक बत्तीका लागि सौर्य ऊर्जा | १. सबै मूल सडकहरूमा सडक बत्तीका लागि सौर्य वा नवीकरणीय ऊर्जाको प्रयोग गरेको, | | | * |
| २. सार्वजनिक शौचालयहरू (बसपार्क, विद्यालय र हाटबजार) बाट बायोग्यास उत्पादन | २. सार्वजनिक शौचालयहरू (बसपार्क, विद्यालय र हाटबजार) बाट बायोग्यास उत्पादन गर्न नगरपालिकाबाट प्राविधिक तथा आर्थिक सहयोग भए/गरिएको, | | | * |
| ३. वातावरण शाखा, इकाइ स्थापना | ३. वातावरण शाखा/इकाइ स्थापना गरेको वा कार्यजिम्मेवारी तोकेको, | | | * |
| ४. वातावरण संरक्षणसम्बन्धी विशेष कोष स्थापना | ४. वातावरण संरक्षणसम्बन्धी विशेष कोष स्थापना गरेको, | | | * |
| घ) विपद् व्यवस्थापन | | | | |

| | | | | |
|---|---|---|---|---|
| १ विपद् जोखिमको नक्साङ्कन | १. विपद् जोखिमका दृष्टिले बढी खतरा स्थानहरूको पहिचान गरी नक्साङ्कन गरिएको,<br>२. पहिचान गरिएका बढी जोखिमयुक्त ठाउँमा ठूला संरचना निर्माणमा रोक लगाइएको,<br>३. साठी हजार जनसङ्ख्या बराबर एक दमकल पर्ने गरी दमकल व्यवस्था गरी फरक फरक स्थानमा राखिएको,<br>४. आवधिक विपद् जोखिम व्यवस्थापन योजनाको आधारमा बार्षिक विपद् जोखिम व्यवस्थापन कार्यक्रम स्वीकृत गरि कार्यान्वयनमा ल्याएको, | | | **** |
| | **ङ) प्लाष्टिक व्यवस्थापन** | | | |
| प्लाष्टिक संकलन तथा व्यवस्थापन | १. प्लाष्टिक सङ्कलन, पुनः प्रयोग तथा व्यवस्थापन गर्ने कार्यका लागि वडाका कम्तीमा २ जना व्यक्तिलाई तालिम दिइएको,<br>२. तालिम प्राप्त व्यक्तिलाई प्लाष्टिक सङ्कलन गर्ने कार्यमा लगाइएको,<br>३. प्लाष्टिकको पुनः प्रयोग गरी सामग्री उत्पादन गर्ने कार्यमा नगरपालिकाले सहयोग गरेको, | | | *** |
| | **च) शिक्षा** | | | |

| | | | | |
|---|---|---|---|---|
| विद्यालयमा वातावरणीय शिक्षा | १. विद्यालयको वार्षिक कार्यतालिकामा कम्तीमा महिनामा १ पटक वातावरणसम्बन्धी अतिरिक्त क्रियाकलाप गर्ने व्यवस्था भएको,<br>२. नगरपालिका आफैं वा विभिन्न सङ्घसंस्थाको माध्यमबाट वातावरणसम्बन्धी अतिरिक्त क्रियाकलाप गर्न विद्यालयलाई सहयोग पुऱ्याइएको , | | | ** |
| छ) वन, भू-संरक्षण, जैविक विविधता र हरियाली | | | | |
| याली प्रवर्द्धन | १. सडक दायाबाँया फुटपाथमा टोल/बस्तीलाई परिचालन गरी उपयुक्त प्रजातिका बोटबिरुवा लगाएको, | | | *********<br>सम्बन्धित कार्यका लागि बजेट एवम् कार्यक्रम स्वीकृत गरेको, वृक्षारोपण गरिएको क्षेत्रको अवलोकन, |
| | २. सार्वजनिक सबै बाँझो जग्गा नदीनाला खोल्सा किनाराहरूमध्ये कम्तीमा वार्षिक १० प्रतिशतका हिसाबले वृक्षारोपण गरी संरक्षण गरेको, | | | |

| | | | | |
|---|---|---|---|---|
| | ३. भू-क्षय, पहिरो तथा बाढीका सम्भाव्य स्थानहरूमा संरक्षणका उपायहरू अवलम्बन गरेको, | | | |
| | ४. नगरबासी बालबालिकाहरूलाई पायक पर्नेगरि साठी हजार जनसङ्ख्या वरावर कम्तीमा एक स्थानमा मनोरञ्जन पार्क वा बालउद्यान निर्माण गरी सञ्चालनमा ल्याएको, | | | |
| | ५. नगरक्षेत्रमा जैविक विविधता पार्क, आदि सञ्चालनमा रहेको, | | | |
| | ६. नगरक्षेत्रभित्र कम्तिमा एउटा सहरी वनको स्थापना गरी संरक्षण गरेको । | | | |
| | ७. जलवायु परिवर्तनका प्रभाव न्यूनिकरण गर्न अनुकूलनका कार्यक्रमहरू तर्जुमा र कार्यान्वयन गरेको, | | | |
| | ८. नगरपालिकाभित्र वातावरण संरक्षणसम्बन्धी जनचेतना जगाउने कार्यक्रम सञ्चालन गर्ने गरेको, | | | |
| | ९. मुख्य सडकको डिभाईडर वा किनारमा बहुवर्षीय फूलहरु रोपेको। | | | |

| ज) भौतिक पूर्वाधार विकास | | | | |
|---|---|---|---|---|
| १ भूउपयोग योजना | १. भू.-उपयोग नीति अनुरुप नगरको भू-उपयोग क्षेत्रको पहिचान, वर्गिकरण तथा नक्सा सहितको भू-उपयोग योजना तयार भएको,<br>२. योजना कार्यान्वयनका लागि नगर परिषद्बाट निर्णय भएको ।<br>३. स्वीकृत भूउपयोग योजनाबमोजिम बाहेक अन्य निर्माण कार्यमा रोक लगाइएको ,<br>४. EIA/IEE गर्नुपर्ने आयोजनामा गर्ने गरेको<br>५. नगरभित्रका सबै सडकहरु पक्कि भएको । | | | ****** |
| पार्किङ्ग स्थल व्यवस्थापन | १. सवारी साधनहरु पार्किङका लागि मुख्य बजार केन्द्रहरूमा सार्वजनिक पार्किङ्गस्थल तोकेका,<br>२. खुला पार्किङस्थलमा हरियालीका लागि बहुवर्षीय रुखहरू रोपिएको, | | | ** |
| पशु बधशाला. व्यवस्थापन | १. नगरमा स्वस्थ, स्वच्छ र सफा मासु आपूर्तिका लागि उपयुक्त स्थानमा पशु बधशाला सञ्चालनमा रहेको ,<br>२. नगरक्षेत्रमा खुला एवम् अव्यवस्थित तरिकाले पशुबध गर्न निषेध गरिएको । | | | ** |
| सडक मापदण्ड निर्धारण र कार्यान्वयन | १. नगरभित्रका सबै सडकको मापदण्ड (Right of Way) निर्धारण गरिएको,<br>२. सवै बस्तीहरूमा दमकल र एम्बुलेन्स जान सक्ने भएको,<br>३. मापदण्ड विपरित निर्माण भएका संरचना नियमित रूपमा जरिवानासहित भत्काउने गरिएको,<br>४. नगरका मुख्य सडकहरुमा साईकल लेनको व्यवस्था भएको, | | | **** |

झ) औद्योगिक प्रदूषण नियन्त्रणसम्बन्धी

| | | | | |
|---|---|---|---|---|
| ण | १. नगरक्षेत्रभित्र सञ्चालनमा रहेका उद्योगहरूको लगत तयार भएको,<br>२. नगरपालिका क्षेत्रभित्र सञ्चालनमा रहेको उद्योगहरूको प्रदूषण स्तर वर्गीकरण गरी अभिलेख तयार भएको,<br>३. नगरपालिका क्षेत्रमा सञ्चालनमा रहेको उद्योगहरूबाट भएको प्रदूषणको गुनासोसम्बन्धी अभिलेख तयार गरी जिल्ला विकास समितिमा जानकारी पठाउने गरेको, | | | *** |
| | **ञ) ध्वनि तथा वायु प्रदूषण नियन्त्रण** | | | |
| वायु ...यन्त्रण | १. ध्वनीको गुणस्तर सम्बन्धी राष्ट्रिय मापदण्ड २०६९ बमोजिम नगर क्षेत्रलाई औद्योगिक क्षेत्र, व्यापारिक क्षेत्र, ग्रामिण आवास क्षेत्र, सहरी आवास क्षेत्र, मिश्रित आवास क्षेत्र तथा शान्त क्षेत्रको रूपमा विभाजन गरिएको,<br>२. नेपाल सरकारले निर्धारण गरेको मापदण्ड अनुकूल ध्वनिको स्तर भए नभएको सम्बन्धमा बार्षिक रुपमा मापन गर्ने गरिएको,<br>३. निर्धारित मापदण्डभन्दा बढी ध्वनि प्रदूषण गर्नेलाई दण्डित गर्ने व्यवस्था गरिएको,<br>४. विवाह ब्रतबन्ध जस्ता सामाजिक संस्कार तथा धार्मिक एवमं सार्वजनिक स्थलहरुमा विभिन्न उत्सव आदिमा मापदण्डभन्दा बढी ध्वनी निकाल्न परेमा स्थानिय निकायको पूर्व अनुमति लिनुपर्ने व्यवस्था गरिएको, | | | **** |
| | १. नगरक्षेत्रमा वायु प्रदुषण न्यूनीकरणका लागि कुनै उपाय अवलम्बन गरिएको, | | | * |
| | **ट) सेवा केन्द्रको व्यवस्था** | | | |

| | | | | |
|---|---|---|---|---|
| सेवा केन्द्र सम्बन्धि व्यवस्था | नगरपालिका क्षेत्रभित्र न.पा.को पहल र समन्वयमा निजी क्षेत्र र गैससलाई परिचालन गरी भुकम्प प्रतिरोधी प्रविधि, विपद् व्यवस्थापन, नविकरणीय ऊर्जाका विषयमा सेवा केन्द्रको स्थापना र संचालन भएको । | | | |

नाङ्कुपिंडेनगरपालिकाराजपत्र

अनुसूची २

कार्यकारीअधिकृत -सदस्य

जिल्ला प्रशासन कार्यालयका अधिकृत प्रतिनिधि -सदस्य

योजना अनुगमन तथा प्रशासकीय अधिकृत -सदस्य

जिल्ला प्राविधिक कार्यालयको प्रमुख -सदस्य

खानेपानी तथा सरसफाइ कार्यालयका प्रमुख वा प्रतिनिधि -सदस्य

जिल्ला वन अधिकृत वा प्रतिनिधि -सदस्य

जिल्ला शिक्षा अधिकारी वा प्रतिनिधि -सदस्य

जिल्ला स्वास्थ्य कायालयका प्रमुख वा प्रतिनिधि -सदस्य सदस्य

जिल्ला कृषि कार्यालयका प्रमुख वा प्रतिनिधि -सदस्य

जिल्ला भू-संरक्षण कार्यालयका प्रमुख वा प्रतिनिधि -सदस्य

नगर स्तरीय उद्योग वाणिज्य सङ्घका प्रमुख -सदस्य

गैरसरकारी संस्थाको नगर समन्वय समितिका प्रमुख वा प्रतिनिधि -सदस्य

वातावरण, ऊर्जा तथा जलवायु परिवर्तन शाखा प्रमुख, वा नगरपालिकाले तोकेको अधिकृत -सदस्यसच

कमलामाई नगरपालिका

## अनुसुची ३

**विनियम २६ बमोजिम पेश गर्नुपर्ने निवेदनको ढाचा :**

वनगाड कुपिण्डे नगरपालिकाको कार्यालय

**विषय : वृक्षारोपण / संरक्षण गर्ने सम्वन्धमा ।**

स नगरपालिका क्षेत्र भित्रको निम्न विवरणमा उल्लेखित सार्वजनिक पर्ति जग्गामा यस..............ले वृक्षारोपण गरी नगरपालिकाद्धारा भएको वृक्षारोपण संरक्षण गर्ने प्रतिवद्धता सहित संरक्षणको अनुमती प्रदान गरिदिनुहुन निम्न कागजातहरु संलग्न गरी अनुरोध छ ।

निवेदक

..........

न :

संस्थाको निर्णय

विचमा नछाडने प्रतिवद्धता पत्र

संरक्षण गर्ने विधि

संस्थादर्ता तथा नविकरणको प्रमाणपत्रको प्रतिलिपि ।

वृक्षारोपण तथा संरक्षण संम्वन्धि ५ वर्षको कार्य योजना

वनगाड कुपिण्डे नगरपालिका

**अनुसुची ४**

**विनियम २७ बमोजिमको संम्झौताको ढाचा :**

**वनगाड कुपिण्डे नगरपालिका र ................वीच भएको संझौता**

वनगाड कुपिण्डे नगरपालिका यसपछि प्रथम पक्ष भनिने र ........................संस्था यस पछि दोश्रो पक्ष भनिने विच निम्न शर्तहरुको अधिनमा रही ................................स्थानको सार्वजनिक पर्ति जग्गामा दोश्रो पक्षले वृक्षारोपण गर्ने / नगरपालिकाद्धारा भएको वृक्षारोपणको संरक्षण गर्ने सम्वन्धमा यो संझौता गरि लियौं । दियौं ।

शर्तहरु :

१. दोश्रो पक्षले आफै वृक्षारोपण गर्ने भएमा प्रथम पक्षले स्थान उपलव्ध गराउनेछ ।

२. प्रथम पक्षले गरेको वृक्षारोपणको संरक्षण दोश्रो पक्षले गर्ने भएमा प्रथम पक्षले विवरण उपलव्ध गराउने छ ।

३.उक्त क्षेत्रवाट उत्पादन हुने काठ वाहेकका घास, पात, सुकेको दाउरा लगायत प्रथम पक्षको अनुमती लिई दोश्रो पक्षले प्रयोग गर्न पाउने छ ।

४.संरक्षण वाट हुन आउने अन्य लाभको वाडफाड अनुसुची ६ अनुसार हुनेछ ।

५.दोश्रो पक्षले अनुसुची ५ बमोजिमको ढाचामा तोकिएको समयभित्र प्रतिवेदन पेश गर्नुपर्नेछ ।

६. दोश्रो पक्षले कुनै हानी नोक्सानी हुने कार्य गर्न पाउने छैन ।

७. प्रथम पक्षको अनुमति विना दोश्रो पक्षले काठ दाउरा लगायत कुनै पनि सम्पत्ती विक्री वितरण, उपभोग तथा हक हस्तान्तरण गर्न पाउने छैन ।

८. नगरपालिकाबाट प्राप्त अनुमतिको आधारमा दोस्रो पक्षले काठ दाउरा आदिकोलिलाम गर्न पनु पर्ने भए सम्वन्धित विषयको प्राविधिक मुल्यांकनको आधारमा मात्र लिलाम विकी गर्नु पर्ने छ

९.रुखहरुका स साना हागा विंगा, खर आदि जस्ता झिना मसिना समान नगरपालिकाको अनुमतिको आधारमा बिकी वितरण गर्न सक्ने छ ।

१० दोस्रो पक्षले समझौताका शर्तहरु पालना नगरेमा उक्त समझौता रद्द गर्न सक्ने अधिकार नगरपालिकामा निहित रहने छ ।

११. अन्य कुरा प्रचलित कानुन वमोजिम हुने छ ।

ईति सम्वत २०७...साल .......महिना..........गते रोज......मा शुभम ।

प्रथम पक्ष दोश्रो पक्ष

.................... ......................

**अनुसुची ५**

**विनियम २८ बमोजिम पेश गर्नुपर्ने प्रतिवेदनको ढाचा :**

श्री वनगाड कुपिण्डे नगरपालिकाको कार्यालय

**विषय : प्रतिवेदन पेश गरेको वारे ।**

प्रस्तुत विषयमा त्यस नगरपालिका संग मिति ..............मा ......................स्थानको सार्वजनिक पर्ति जग्गामा वृक्षारोपण गर्न नगरपालिकाद्धारा भएको वृक्षारोपणको संरक्षण गर्न भएको संभ्फौताअनुसारको वार्षिक प्रविदन निम्न बमोजिम पेश गरिएको छ ।

**१. आफैले वृक्षारोपण गरेको भएमा :**

क) स्थान : ...................

ख) वृक्षारोपण भएको क्षेत्रफल : .............

ग) वृक्षारोपण गरिएको रुखको प्रजाती : ................

घ) वृक्षारोपण भएको संख्या : ................

ङ) एक भन्दा वढी प्रजातीका विरुवा भए प्रजाती अनुसारको संख्या : ................

च) रुखहरुको हालको अवस्था :

- जागेको संख्या : .......(प्रजाती अनुसार)
- मरेको संख्या : ......... (प्रजाती अनुसार)

**२. नगरपालिकाद्धारा वृक्षारोपण भएकोमा :**

क) स्थान : ...................

ख) वृक्षारोपण भएको क्षेत्रफल : .............

ग) वृक्षारोपण गरिएको रुखको प्रजाती : ................

घ) सम्फौताका वेला न.पा. द्धारा उपलव्ध गराईएको विवरण अनुसारको संख्या : ................

ङ) एक भन्दा वढी प्रजातीका विरुवा भए प्रजाती अनुसारको संख्या : ................

च) रुखहरुको हालको अवस्था :

- जागेको संख्या : .......(प्रजाती अनुसार)
- मरेको संख्या : ........ (प्रजाती अनुसार)

३. नया थप वृक्षारोपण भएको संख्या र प्रजाती : ....

४. वार्षिक रुपमा उपभोग गरिएको घास, पात, सुकेको दाउरा लगायतको संभ्फिप्त विवरण :

५. काठ विक्रीका लागि अनुमति माग गरिएको भए सो अनुसार भएको कार्यको विवरण :

६. वार्षिक रुपमा संरक्षणका लागि भएका कार्यहरु :

**अनुसुची ६**

**विनियम २९ बमोजिम लाभको वाडफाडको ढाचा :**

१. नगरपालिकाद्धारा गरिएको वृक्षारोपणको संरक्षण गरेको हकमा :

क) काठ विक्रीवाट भएको आम्दानीको वाडफाड देहाय बमोजिम गरिनेछ :

- हुर्काउने र संरक्षणको जिम्मा लिएको समुह वा संस्थालाई कुल आयको ३० प्रतिशतले हुन आउने रकम
- नगरपालकाको वातावरण संरक्षण कोषमा जम्मा गर्ने प्रयोजनका लागि २० प्रतिशत रकम
- नगरपालिकाको कोषमा जम्मा गर्ने प्रयोजनका लागि ५० प्रतिशत रकम

२. समुह वा संस्थाद्धारा गरिएको वृक्षारोपणको संरक्षण गरेको हकमा :

क) काठ विक्रीवाट भएको आम्दानीको वाडफाड देहाय बमोजिम गरिनेछ :

- हुर्काउने र संरक्षणको जिम्मा लिएको समुह वा संस्थालाई कुल आयको ४० प्रतिशतले हुन आउने रकम
- नगरपालकाको वातावरण संरक्षण कोषमा जम्मा गर्ने प्रयोजनका लागि २० प्रतिशत रकम
- नगरपालिकाको कोषमा जम्मा गर्ने प्रयोजनका लागि ४० प्रतिशत रकम

३. नगरपालिका द्धारा जग्गा र समुह वा संस्थाद्धारा संरक्षण तथा तेस्रो पक्षवाट लगानी गरेको हकमा :

क) काठ विक्रीवाट भएको आम्दानीको वाडफाड देहाय बमोजिम गरिनेछ :

- हुर्काउने र संरक्षणको जिम्मा लिएको समुह वा संस्थालाई कुल आयको ३० प्रतिशतले हुन आउने रकम
- नगरपालकाको वातावरण संरक्षण कोषमा जम्मा गर्ने प्रयोजनका लागि २० प्रतिशत रकम
- नगरपालिकाको कोषमा जम्मा गर्ने प्रयोजनका लागि ५० प्रतिशत रकम

CamScanner